बैठकको नाम: क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)

बैठक क्रम संख्या: १५ (पन्ध्रौं)

अध्यक्षता: अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मिति: २०८१।०३।३१, ~~आइतबार~~ सोमबार

स्थान: क्व्होलासोथार गाउँपालिका पर्यटन सभाहल, घलेगाउँ ।

उपस्थिती:

| क्र.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरुङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | |
| २ | गमीमाया गुरुङ | उपाध्यक्ष | क्व्होलासोथार गा.पा. -४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. -१ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. -२ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. -३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. -४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. -५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. -६ | |
| ९ | लक्ष्मन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. -७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. -८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. -९ | |
| १२ | श्री गंगा बहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १३ | श्री सुल बहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -७ | |
| १८ | श्री माधव प्रसाद बाग्ले | प्रमुख प्रशासकीय अधिकृत | क्व्होलासोथार गा.पा. | |

पन्ध्रौ कार्यपालिका बैठक २०८१।०३।३१ सोमबार

**प्रस्ताव नं १ : २०८०।०८१ आय व्यय विवरण सार्वजनिकिकरण सम्बन्धमा**

**निर्णय नं १:** क्व्होलासोथार गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ मा कुल वजेटको रु ३०,९१,५१,५२२।३३ तीस करोड एकानब्बे लाख एकाउन्न हजार पाँच सय बाइस रुपैंया तेत्तीस पैसा (८६.६५ प्रतिशत) आय भएकोमा चालु व्यय तर्फ रु २३,२१,००,८९१।८५ तेइस करोड एकाइस लाख आठ सय एकानब्बे रुपैंया पचासी पैसा (८२.३४ प्रतिशत) र पूँजीगत व्यय तर्फ रु ५,१७,७२,१९५।०२ पाँच करोड सत्र लाख बहत्तर हजार एक सय पन्चानब्बे रुपैंया दुई पैसा (६९.११ प्रतिशत) गरी कुल २८,३८,७३,०८६।८७ अठ्ठाइस करोड अठतिस लाख तिरहत्तर हजार छयासी रुपैंया सतासी पैसा खर्च भएको (औसतमा ७९.५६ प्रतिशत खर्च भएको) आयव्यय विवरण सार्वजनिकीकरण गर्ने निर्णय ।

**प्रस्ताव नं २ : विपद तर्फको राहत तथा किरिया खर्च रकम अनुमोदन सम्बन्धमा**

**निर्णय नं २:** क्व्होलासोथार गाउँपालिकाको वडा नं ३ बगुम पच्यूटोलमा मिति २०८१।०३।११ को रातमा भएको अविरल वर्षाका कारण पन्चमाया गुरुङ, रुद्रमान गुरुङ, इच्छा गुरुङगरी चार जनाको दुखद निधन भएको र भिम बहादुर घले एक जना घाइते हुनुभएको परिवारलाई उपलब्ध गराइएको खाधान्न र लत्ता कपडा लगायतका राहत सामाग्री खर्च र किरिया खर्च वापतको विपद सहायता रकम रु ७१,९४० ।- एकहत्तर हजार नौ सय चालिस रुपैंया अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ : आ.व. २०८०।०८१ वार्षिक समिक्षा कार्यक्रम सञ्चालन सम्बन्धमा**

**निर्णय नं ३:** आ व २०८०।८१ को वार्षिक समिक्षा कार्यक्रम मिति २०८१।०४।२१ गते सोमबार सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ : सम्पति विवरण सम्बन्धमा**

**निर्णय नं ४:** जननिर्वाचित जनप्रतिनीधिज्यूहरुले आ व २०८०।८१ को सम्पति विवरण ऐ भाद्र १५ गतेभित्र बुझाउने निर्णय गरियो ।

**प्रस्ताव नं ५ : समबेदना सम्बन्धमा**

**निर्णय नं ५:** क्व्होलासोथार गाउँपालिकाको वडा नं ३ बगुम पच्यूटोलमा मिति २०८१।०३।११ को रातमा भएको अविरल वर्षाका कारण पन्चमाया गुरुङ, रुद्रमान गुरुङ, इच्छा गुरुङ गरी चार जनाको दुखद निधन भएकोमा ति व्यक्तिहरु प्रति हार्दिक श्रध्दान्जली अर्पण गर्दै शोकाकूल परिवारजनमा समवेदना प्रकट गरियो ।